# बीमा समिति

## बीमकहरुको वेभ साइट निर्माण सम्बन्धि व्यवस्था

**चाबहिल, काठमाण्डौं**


© बीमा समिति

## १ प्रारम्भिक

नेपालमा बीमा ब्यवसाय फस्टाँउदो अवस्थामा रहेको र यसले नेपाली सर्बसाधारण जनता तथा नेपालको अर्थतन्त्रलाई उल्लेख्य योगदान पुऱ्याँउदै आएको देखिन्छ । यस क्षेत्रको योगदान र यस प्रतिको बढ्दो निर्भरताका कारण यस क्षेत्र संग सम्बन्धित सत्य, तथ्य, सूचना र जानकारीप्रति सरोकारवालाहरुको रुची बढ्दो छ । त्यसैले निबेदक तथा सेवाग्राहीहरुलाई कम लागतमा छिटो सत्य तथ्य जानकारी तथा तथ्यांक लगायतका सूचना उपलब्ध गराउनु अपरिहार्य छ । सो उद्देश्य पूर्ति गर्नका लागि बीमा क्षेत्रसंग सम्बन्धित सबैले उयुक्त बिधि छनौट गरी अवलम्बन गर्नु पर्ने हुन्छ । हाल उपलब्ध र प्रचलित बिधिहरुमध्ये कम्प्युटर र इन्टरनेटमा आधारित युनिभर्सल रोमिङ ल्यांग्वेज (URL) वा प्रचलनको भाषामा वेभ साइट निर्माण गरी सोही मार्फत सूचना तथा जानकारी दिनु सबैभन्दा प्रभाबकारी र सहज देखिन्छ । सूचनाको सोही सहजता र शीघ्रता तथा लागत न्युनीकरण होस् भन्नाका लागि यो **बीमकहरुको वेभ साइट निर्माण सम्बन्धि ब्यवस्था** निर्माण गरी लागू गरिएको हो ।

## २. संक्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम **बीमकहरुको वेभ साइट निर्माण सम्बन्धि ब्यवस्था** रहेको छ ।
ख) यो ब्यवस्थो मिति २०६५ भाद्र १ गते देखि लागू हुनेछ ।

## ३ वेभ साइटको आकार

वेभ साइटको आकार कम्तिमा समितिले तोकेको न्युनतम बिषयबस्तु अटाउने हुनु पर्नेछ । तर समितिले तोकेको न्युनतम बिषयबस्तु अटाउने हदभन्दा ठूलो आकारको वेभ साइट निर्माण गर्न यो ब्यवस्थाले बाधा पुऱ्याउने छैन ।

## ४. वेभ साइट भित्र समेटिनु पर्ने कुराहरु

बीमकले निर्माण गर्ने वेभ साइटमा कम्तिमा निम्न बिषयहरु सम्मिलित गर्नु पर्नेछ । तर तल उल्लेख गरिभन्दा बढी बिषयहरु समाबेश गर्न यस ब्यवस्थाले बाधा पुऱ्याउने छैन ।

### क) सञ्चालक समिति (Board of Directors)

बीमकको सञ्चालक समितिका अध्यक्ष सदस्यहरु र कम्पनी सचिवको पासपोर्ट साइजको फोटो सहित नाम र पद उल्लेख गर्नु पर्नेछ ।

### ख) ब्यवस्थापन (Management)

बीमकको ब्यवस्थापनमा संलग्न रहेका ब्यक्तिहरुमध्ये कम्तिमा प्रमुख ब्यवस्थापकदेखि बिभागीय प्रमुख सम्मको पासपोर्ट साइजको फोटो सहित नाम, पद, इ-मेल र फोन उल्लेख गर्नु पर्नेछ । बीमकको कम्तिमा अण्डरराइटिङ, दाबी, पुनर्बीमा र बजार ब्यवस्थापन गरी चार वटा बिभागीय प्रमुखको बिवरण उल्लेख गर्नु पर्नेछ ।

### ग) नागरिक बडापत्र (Citizen Charter)

बीमकले आफ्नो नागरिक बडापत्र तयार गरी सो मा सेवाग्राहीको लागि कुन कामको लागि कति समय भित्र सेवा उपलब्ध गराउने हो र सो को लागि सम्पर्क राख्नु पर्ने पहिलो, दोस्रो र तेस्रो अधिकृतको नाम र पद सहित उल्लेख गर्नु पर्नेछ ।

### घ) साइट म्याप (Site Map)

बीमकद्वारा आफ्नो वेभ साइटमा कुन कुन बिषयबस्तु राखिएको छ सो क्रमबद्ध ढंगले बिषयसूची बनाई (Site Map) उल्लेख गर्नु पर्नेछ ।

**ङ) बीमालेख (Policy)**
बीमकद्वारा जारी गरिएका सबै पोलिसीहरु बर्गीकरण गरी कुन पोर्टफोलियाको हो छुट्याई सो बीमालेख प्रथम पल्ट जारी गरिएको मिति सहित राख्नु पर्नेछ ।

**च) सम्पर्क (Contact)**
बीमकको केन्द्रीय, शाखा, उपशाखा तथा सम्पर्क कार्यालयहरुको ठेगाना, शाखा प्रमुखको नाम, फोन तथा इ-मेल स्पष्ट संग उल्लेख गर्नु पर्नेछ ।

**छ) संस्थागत लक्ष्य (Corporate Goal)**
संस्थागत लक्ष्य अर्न्तगत Mission, Vision, Goal र Objective लाई सबिस्तार उल्लेख गर्नु पर्नेछ ।

**ज) सूचना (Notice)**
समय समयमा जारी गरिएका सूचना वा प्रेस बक्तब्य, पत्रिका वा जरनल प्रकाशित गर्ने गरेको भए सो लाई यथा सम्भव छिटो वेभ साइटमा राख्नु पर्नेछ ।

**झ) प्रतिक्रिया (Feedback)**
प्रतिक्रिया प्रणाली (Feedback Mechanism) तयार गरी ग्राहकहरुको गुनासो प्राप्त (Upload) गर्न सक्ने ब्यवस्था गर्नु पर्नेछ ।

**ञ) बित्तीय बिवरणहरु (Financial Statements)**
बिगत पाँच बर्षको प्रकाशित बार्षिक प्रतिबेदन राख्नु पर्नेछ । साथै हरेक आर्थिक बर्षको प्रत्येक चौथो महिना समाप्त भएको मितिले १५ दिनभित्र बीमा समितिबाट तोकिएको ढाँचामा लगानीको चौमासिक बिवरण, कारोवारको चौमासिक बिवरण, दाबीको बिवरण, पुनर्बीमाको बिवरण, स्वीकृत तालिमको बिवरण आदि तयार गरी राख्नु पर्दछ ।

**ट) प्राय सोधिने प्रश्नहरु (Frequently Asked Question)**
बीमकले ग्राहकले सामान्यतया यस्ता जिज्ञासा राख्न सक्छन् (फ्रिक्वेन्ट्ली आक्स्ड क्वेस्चन) भनेर अनुमान गरेका बढी भन्दा बढी बिषयहरुलाई समेटेर प्रश्न बनाएर त्यसको सबिस्तार उत्तर लेखेर साइटमा राख्नु पर्नेछ ।

**ठ) तालिम, सेमिनार, कार्यशाला (Training, Seminar, Workshop)**
आर्थिक बर्षभरी सञ्चालित हुने तालिमको तालिका (तालिम स्थान, प्रशिक्षक तथा अन्य जानकारी सहित) उल्लेख गर्नु पर्नेछ । आगामी बर्षका लागि पारित तालिम कार्यक्रमहरुको तालिका प्रकाशित गर्नु पर्नेछ । बीमकले आफूले सञ्चालन गरेको तालिम, सेमिनार, गोष्ठी तथा कार्यशालाको बारेमा जानकारी दिनु पर्नेछ ।

**ड) स्थान (Location)**
बीमकको प्रधान कार्यालय कहाँ रहेको छ सो को नक्सा सहितको तस्विर प्रस्तुत गर्नु पर्नेछ ।

**ढ) बीमा अभिकर्ता (Insurance Agents)**
बीमकसंग आवद्ध भएका बीमा अभिकर्ताहको संख्या उल्लेख गर्नु पर्नेछ । यदि संस्थागत अभिकर्ताहरु आवद्ध छन् भने तिनीहरुको नाम, ठेगाना, फोन, इ-मेल उल्लेख गर्नु पर्नेछ ।

**ण) सर्भेयर (Surveyor)**

बीमकले आर्थिक बर्षभरी दाबी मूल्यांकन तथा अनुसन्धानका लागि नियुक्त गरेका सर्भेयरहरुको नाम र संख्या खुलाउनु पर्नेछ ।

**त) बीमा डिफल्टरको बारेमा जानकारी (Information about Insurance Defaulters)**

कुनै ग्राहकले दाबी लिनका लागि नक्कली कागजात पेश गरेमा वा नक्कली कागज पेश गरी दाबी लिएको भन्ने थाहा भएमा त्यस्ता बीमा डिफल्टरहरुको बारेमा जानकारी राख्नु पर्नेछ ।

**थ) बीमा क्यालकुलेटर (Premium Calculator)**

जीवन बीमा कम्पनीको हकमा बीमितहरुले आफ्नो बीमाशुल्क आफैं पत्ता लगाउन सक्ने गरी बीमाशुल्क क्यालकुलेटर (Premium Calculator) राख्नु पर्नेछ ।

**५ वेभ साइटको भाषा (Language of Web Site)**

वेभ साइट अनिवार्य रुपमा नेपाली र अंग्रेजी दुबै संस्करणमा हुनु पर्नेछ । तर निश्चित भाषामा मात्र हुनु पर्ने भनेर तोकिएका सामग्रीहरुको हकमा यो व्यवस्था लागू हुँदैन ।

**६. शिर्षक (Headings)**

बीमकको वेभ साइटमा उल्लेख गर्न निर्देशन दिइएका बिषयहरुका शिर्षक माथि उल्लेख गरिएकै शिर्षकहरु हुनु पर्छ भन्ने छैन । तर माथि उल्लेख गरिएका बिषयबस्तुहरु अनिवार्य रुपले समेटेको हुनु पर्नेछ । साथै बीमकहरुले माथि उल्लेख गरिए भन्दा बाहेकका आवश्यक ठानेका बिषयहरु थप गर्न यस व्यवस्थाले बाधा पुऱ्याउने छैन ।

**७. शैली (Styles)**

साइटलाई आकर्षक बनाउन प्रत्येक बीमकले आआफ्नै शैली र ढाँचा उपयोग गर्न सक्नेछन् ।

**८. कार्यान्वयन (Implementation)**

यो निर्देशन जारी भएको मितिले तीन महिना भित्र यस व्यवस्था अनुसारको वेभ साइट तयार पारी प्रयोगमा ल्याई सक्नु पर्नेछ ।

**१०. अद्यावधिक (Update)**

निर्माण गरिएको वेभ साइट प्रत्येक महिनामा एक पल्ट अनिवार्य रुपले अद्यावधिक गर्नु पर्नेछ । साथै त्यस भन्दा अगाडी नै अद्यावधिक गर्नु पर्ने खालका सूचना, जानकारी वा तथ्यांक छन् भने सो लाई यथा समयमा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक गरेको मिति वेभ साइटमा देखिने गरी प्रष्ट ढंगले राख्नु पर्नेछ ।

**११. बिविध (Miscellaneous)**

बीमा समितिले यो जारी गरी वेभ साइटमा राख्नै पर्ने भनी उल्लेख गरेका बिषयहरुमा कुनै बिवाद उठेमा  वा कुनै द्विबिधा भएमा सो को निराकरण बीमा समितिले गर्नेछ ।